# बैठक सङ्ख्या: ५१

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७९।०४।१९ गते बिहीबार दिनको १२:१५ बजे बसेको बैठकका निर्णयहरुः-

१. आजको बैठकको कार्यसूचीमा अमेरिकाको राज्य साझेदारी कार्यक्रम (State Partnership Program) मा नेपालको आवद्धता सम्बन्धी छलफल रहेकोमा माननीय परराष्ट्र मन्त्री अनुपस्थित रहनु भएकोले सो विषयमा छलफलका लागि समितिको आगामी वैठकमा माननीय परराष्ट्र मन्त्रीलाई पुनः आमन्त्रण गर्ने।

२. अमेरिकाको राज्य साझेदारी कार्यक्रम (State Partnership Program) मा आवद्धताका लागि अमेरिकासँग गरिएका सम्पूर्ण काम कारबाही तथा पत्राचार लगायतका कागजातहरु सहित रक्षा मन्त्रालयका सचिवलाई समितिको आगामी वैठकमा उपस्थित हुन पुनः निर्देशन दिने। साथै सो मितिमा हुने वैठकमा नेपाली सेनाका प्रधान सेनापतिलाई समेत पुनः आमन्त्रण गर्ने।

३. कोशी नदीले गरेको कटान तथा त्यस क्षेत्रमा भएको डुवानका सम्बन्धमा यथार्थ वस्तुस्थितिको जानकारी लिन गृह मन्त्रीसँग समन्वय गरी समितिका माननीय सदस्यहरु स्थलगत अवलोकन भ्रमणमा जाने।

४. मुलुकमा भएको अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा गएको बाढी पहिरो, नदी कटान तथा डुवानका कारणबाट हुन गएको धनजनको क्षति सन्दर्भमा तत्काल उद्धार, राहत वितरण तथा दिगो ढङ्गबाट पिडित व्यक्तिको पुनर्स्थापना गर्ने व्यवस्था मिलाउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई निर्देशन दिने।

५. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो।